# कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड

को

## तेह्रौं वार्षिक साधारण सभाका

## निर्णयहरु

सभा मिति : २०७९ चैत्र २९ गते बुधवार ।

सभा समय : बिहान ९ : ०० बजे ।

सभा स्थान : होटल टाक्स इन्टरनेशनल प्रा.लि.कास्की पोखरा ।

१. **बैधानिक सभा :**

मिति २०७९ चैत्र ०५ गते आइतवार बसेको यस कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको २२३ औं बैठकको निर्णय अनुसार बोलाईएको संस्थाको तेह्रौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०७९ चैत्र २९ गते वुधवार (तद्नुसार १२ अप्रिल, २०२३) ।

२.२ स्थान : होटल टाक्स इन्टरनेशनल प्रा.लि.कास्की पोखराको सभाहल ।

२.३ समय : विहान ०९ : ०० बजे ।

३. **सभाको सूचना :**

३.१ मिति २०७९ चैत्र ०५ गते बसेको सञ्चालक समितिको २२३ औं बैठकले यस वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभा २०७९ चैत्र २९ गते वुधवार बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी तेह्रौं वार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरुलाई सभाको जानकारी गराउनु पर्नेमा २४ दिन अगाडी नै मिति २०७९ साल चैत्र ०६ गते राष्ट्रिय स्तरको अभियान दैनिक पत्रिकामा सूचना प्रकाशित गरी मिति २०७९ चैत्र २२ गते सोही अभियान राष्ट्रिय दैनिक पत्रिकामा पूनः स्मरणार्थ सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित तेह्रौं वार्षिक साधारण सभाको सूचनाको साथमा सञ्चालक समितिको तर्फवाट पेश हुने साधारण तथा विशेष प्रस्तावहरु संलग्न गरी सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

४. **गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावली २०७१ को नियम २३ मा गणपुरक संख्याको सम्बन्धमा "पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको पतिनिधित्व हुने गरी कुल शेयर धनीहरुमध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् र आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा आजको तेह्रौ वार्षिक साधरण सभामा ६५ जना शेयरधनीहरु स्वयम्वाट ३७१४५७ कित्ता शेयर र १३२ जना शेयरधनीको प्रतिनिधि मार्फत १३५९९३३ कित्ता गरी १७३१३९० कित्ता उपस्थिति भएको हुँदा सभा सञ्चालनको लागी आवश्यक गणपुरक संख्या पुगेको साथै सोही बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या ३१२८७५५४।११ को ५५।३३ प्रतिशत उपस्थिति भएकोले आजको तेह्रौं वार्षिक साधारण सभाले बैधानिकता प्राप्त गरेको ब्यहोरा कम्पनी सचिव फणिन्द्र पाण्डेबाट सभामा जानकारी भयो । साथै ताली बजाएर सभाको बैधानिकता प्रमाणित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई हार्दिक आग्रह गर्नुभयो र सभाबाट ताली बजाएर बैधानिकता प्रमाणित भयो ।

५. **उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति :**

| संस्थापक शेयरधनीहरु (समूह"क") को तर्फबाट | सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को तर्फबाट | स्वतन्त्र सञ्चालक |
|---|---|---|
| १. श्री चन्द्र वहादुर क्षेत्री (अध्यक्ष) - उपस्थित ।<br>२. श्री विकास गौचन (सञ्चालक) - श्रीमतिको मुत्युका कारण उपस्थित् हुन नसक्नु भएको ।<br>३. श्री शान्ता कुमारी उप्रेती पोखरेल ( सञ्चालक) - उपस्थित | १.श्री विश्वराज नेपाल (सञ्चालक) - उपस्थित<br>२.श्री केशवनारायण प्रधान (सञ्चालक) -पिताको मुत्युका कारण उपस्थित हुन नसक्नु भएको । | १.श्री वसन्त वहादुर थापा (सञ्चालक) - उपस्थित |

(ख) **पर्यवेक्षकहरुको उपस्थिति :**

पर्यवेक्षकको रुपमा केन्द्रीय कार्यालयका कर्मचारीहरु तथा शेयर रजिष्ट्रार एन.एम.वि. क्यापिटलका प्रतिनिधी श्री कमल प्रसाद नेपाल उपस्थित हुनुभएको थियो ।

(ग) **शेयरधनीहरुको उपस्थिति :**

| शेयरधनी | उपस्थिति | शेयर स्वामित्व(कित्तामा) |
|---|---|---|
| स्वयं उपस्थिति | ६५ | ३७१४५७ |
| प्रतिनिधि मार्फत उपस्थिति(प्रोक्सी | १३२ | १३५९९३३ |
| जम्मा उपस्थिति | १९७ | १७३१३९० |

(घ) **शेयरधनी उपस्थिति संख्या :**

| बिवरण | कुल शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनी | २०१८६७२।१५ | ३६४९८८ | १३५२२३७ | १७१७२२५ | ५४।८८ |
| सर्वसाधरण शेयर | १११००८१।९६ | ६४७९ | ७६९६ | १४१६५ | ०।४५ |
| **जम्मा** | **३१२८७५४।११** | **३७१४५७** | **१३५९९३३** | **१७३१३९०** | **५५।३३** |

६. **अध्यक्षको आसन ग्रहण :**

सभाको अध्यक्षता : कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९ (१) मा साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यवस्था उल्लेख भए बमोजिम आजको यस तेह्रौं

वार्षिक साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्ष श्री चन्द्र वहादुर क्षेत्रीज्यूलाई कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले ड्यासमा बोलाई आसन ग्रहण गराउनु भयो ।

७. **अन्य आसन ग्रहण :**

सभामा उपस्थित रहनु भएका सञ्चालकहरु क्रमशः श्री शान्ता कुमारी पोखरेल उप्रेती, श्री विश्वराज नेपाल र श्री वसन्त वहादुर थापा साथै पुर्व प्रमुख निर्वाचन आयुक्त तथा यस वित्तीय संस्थाका संस्थापक शेयरधनी श्री निलकण्ठ उप्रेती, मानव अधिकार आयोगका पुर्व सदस्य तथा संस्थापक शेयर सदस्य श्री गोविन्द शर्मा पौडेल, सि.वाई.सि लघुवित्त वित्तीय संस्थाका सञ्चालक तथा यस वित्तीय संस्थाका शेयरधनी श्री युक्त वहादुर सुवेदी, शेयर रजिष्ट्रार एन.एम.वि क्यापिटलका प्रतिनिधी श्री कमल प्रसाद नेपाल, सञ्चालक समितिवाट नियुक्त निर्वाचन अधिकृत श्री गिरधारी सुवेदी साथै उपस्थित पुर्व सञ्चालकज्युहरुलाई कार्यकम सञ्चालक कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले ड्यासमा आसन ग्रहण गराउनु भयो ।
सभाको कारवाही अगाडी बढाउन सभा अध्यक्षज्यूले कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री फणिन्द्र पाण्डेलाई अनुमति प्रदान गर्नु भयो ।
स्वागत मन्तव्य वित्तीय संस्थाका सञ्चालक श्री विश्वराज नेपालले गर्नु भएको थियो भने शुभकामना मन्तव्य यस वित्तीय संस्थाका संस्थापक शेयरधनी गणेश पौडेल, सि.वाई.सि लघुवित्त वित्तीय संस्थाका सञ्चालक तथा यस वित्तीय संस्थाका शेयरधनी श्री युक्त वहादुर सुवेदी, मानव अधिकार आयोगका पुर्व सदस्य तथा संस्थापक शेयर सदस्य श्री गोविन्द शर्मा पौडेलका साथै पुर्व प्रमुख निर्वाचन आयुक्त तथा संस्थापक शेयरधनी श्री निलकण्ठ उप्रेतीले गर्नु भएको थियो । यसैगरी संस्थाको हालसम्मको प्रगति तथा आगामी कार्ययोजनाका वारेमा यस वित्तीय संस्थाका प्रवन्ध सञ्चालक केशवनारयण प्रधानको अनुपस्थितिमा यस वित्तीय संस्थाका नायव प्रगुख कार्यकारी अधिकृत श्री फणिन्द्र पाण्डेले सभामा प्रस्तुत भएको थियो ।

८. **सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक कम्पनी सचिवले पूर्व निर्धारित सूचना अनुसार देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउदै बिषयसूचिहरु वाचन गर्नु भयो ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८।०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३१,२८,७५,४११।३५ (अक्षरेपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतीस पैसा मात्र) को १ प्रतिशतले हुन आउने रु.३१,२८,७५४।११ (अक्षरेपी एकतीस लाख अठ्ठाइस हजार सात सय चवन्न रुपैया एघार पैसा मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

५) संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख)** **विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८।०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३१,२८,७५,४११।३५ (अक्षरेपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतीस पैसा मात्र) को १९ प्रतिशतले हुन आउने रु.५,९४,४६,३२८।१६( पाँच करोड चौरानव्बे लाख छयालीस हजार तीन सय अठ्ठाइस रुपैया सोह्र पैसा मात्र) बराबरको ५९४४६३।२८ कित्ता वोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

३) वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

४) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५) प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविधः

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभाअध्यक्ष श्री चन्द्र वहादुर क्षेत्रीज्यूले सञ्चालक समितिको आ.व २०७८/०७९ को बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नु भयो ।

१०. सभाका अध्यक्षज्यूले सञ्चालक समितिको प्रतिबेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.व.२०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विबरण र अनुसूचिहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव तथा कार्यक्रम सञ्चालकले शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनुभई निम्न बमोजिम टिप्पणी, जिज्ञासा, राय र सुझाव प्रस्तुत गर्नु भयो ।

(क) शेयरधनी श्री वुद्धिसागर वराल

- अघिल्लो आ.व.मा १३ प्रतिशत वोनश शेयर रहेकोमा यस आ.व.मा नगद तथा वोनश शेयर गरी ७ प्रतिशतले वृद्धि गरी २० प्रतिशत कायम भएकोमा सकरात्मक र उत्साहजनक रहेको साथै वित्तीय संस्थाले कमश कारोवार वढाउदै लगेको देखिन्छ ।
- भाखा नाघेको कर्जा वृद्धिले गर्दा व्याज असुलीमा समेत असर पर्न गई नाफा नोक्सानमा समेत असर पर्न जाने भएकाले खराव कर्जा असुली तर्फ विशेष ध्यान दिनुपर्ने ताकी यस आ.व.मा त्यसको प्रभाव संस्थामा पर्नु भएन भन्दै खराव कर्जा असुलीमा रणनीतिक योजना वनाई कार्यान्यनमा ल्याउन सुझाव ।
- प्रतिवेदन डायग्राम तथा विभिन्न सूचाङ्कहरुको तुलनात्मक विवरण राखिएको विषय राम्रो साथै प्रविदन अध्ययन गर्न सहज भएको ।

- साधारण सभाको वुकमा किन GAP र NFRS अनुसारको दुवै विवरण राखेको ? साथै किन दुवै रिपोर्टमा वासलात र नाफा नोक्सानमा figure फरक पर्न गएको ।
- लघुवित्त वित्तीय संस्था विरुद्धको संघर्ष समितिले कर्जा लगानी तथा असुलीमा कस्तो प्रभाव पारेको छ र त्यस सम्वन्धमा सञ्चालकको धारणा के रहेको छ ?
- सामाजिक उत्तरदायित्व कोषको रकम किन परिचालन हुन सकेन उक्त कोषलाई सामाजिक क्षेत्रमा परिचालन गरी वित्तीय संस्थालाई आम जनमासले चिन्ने तथा सकरात्मक नजरले हेर्ने गरी व्यवस्था मिलाउँदा राम्रो हुने ।
- सदस्यहरुलाई वित्तीय साक्षरता तथा सिपमुलक तालिम तथा कार्यक्रम अलि वढी संचालन गर्नु पर्ने सुझाव ।
- वार्षिक साधारण सभाको वुकलेट राम्रो तथा विवरणहरु स्पष्ट रुपमा राखिएको साथै यस अघिका वार्षिक साधारण सभाका वुक भन्दा यस वुकमा धैरै विषयहरु उठान भएको र अझै अध्ययन गर्न सहज र वुझिने गरी तयार पार्न सुझाव ।

(ख) **<u>शेयरधनी श्री श्रीराम गौतम :</u>**

- यस वर्षको वार्षिक साधारण सभा किंन पुस मसान्तसम्म हुन नसकेको ।
- GAP र NFRS अनुसारका वित्तीय विवरणमा किन figure फरक पर्न गएको ।
- विषेश प्रस्ताव ( ४) मर्जर/एक्विजिशन सम्वन्धमा सञ्चालकको धारणा स्पष्ट पार्न हुन र कुनै वित्तीय संस्थाको वारेमा केही कुरा अगाडी वढेको छ या विकल्पमा जानलाई प्रस्ताव भएको सो सम्वन्धमा जानकारी भए राम्रो हने जिज्ञासा ।

(ग) **<u>शेयरधनी श्री युक्त वहादुर सुवेदी :</u>**

- साधारण सभाको प्रकृया तथा वुकमा उल्लेख भएका विषयहरु उत्कृष्ट रहेका छन ।
- अहिलेको अवस्थामा वित्तीय संस्थाको प्रतिफल राम्रो छ । साथै वित्तीय सूचाङ्कहरु सकरात्मक रहेका छन ।
- वित्तीय संस्थाको EPS तथा Net Worth राम्रो छ ।
- ग्राहक संरक्षण कोषवाट सदस्यको भलाईलाई भएको योगदान सह्रानीय रहेको ।
- वित्तीय संस्था मर्जर/प्राप्ती गर्दा राम्रो हुने तर विशेष अध्ययन गरेर मात्र गर्नुपर्ने सुझाव ।
- अवका दिनमा १५ प्रतिशत मात्र लाभांश वितरण गरी अन्य रकम कोषमा राख्दा राम्रो हुने ।
- शेयर स्वामित्व परिवर्तनको प्रस्ताव राम्रो ।
- शेयर वेच्ने काम नगरौ, संस्था राम्रो छ । अप्ठ्यारो समयमा संस्थालाई जोगाउँ र अहिलेको विषम परिस्थितिमा सम्पूर्ण एकजुट भएर लागौं सहज अवस्थामा कमाउँला ।
- कर्मचारीहरुलाई तालिम तथा सेमिनारमा सहभागी गराई मनैदेखि उत्प्रेरित हुने गरी वातावरण तयार गर्नुपर्ने ।
- यस वित्तीय संस्थाका शेयरधनीज्युहरु उच्च पोर्टफोलियोको हुनुहुन्छ जसले गर्दा सस्थालाई आम जनमासले हेर्ने दृष्टिकोण समेत सकारात्मक रहेको ।
- हालको विषम परिस्थितिमा संस्थालाई जोगाएर लैजानु भनेको नै ठूलो उपलव्धी हो ।

**<u>(घ) शेयरधनी श्री युवराज सुवेदी :</u>**

- साधारण सभा समयमा किन गर्न नसकिएको ।
- आ.ले.प पनि साधारण सभावाट नै नियुक्ति गर्नु पर्ने होइन र ?

११. शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण सुझावहरुका लागि सभाका अध्यक्षज्यूबाट धन्यवाद दिदै आफ्नो तर्फबाट राय सुझाब प्रष्ट पार्नु भयो । अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी जिज्ञासाहरुको जवाफ दिन प्रवन्ध सञ्चालक श्री केशवनारायण प्रधानको अनुपस्थितिमा नायव प्रमुख कार्यकारी अधिकृत श्री फणिन्द्र पाण्डेलाई निर्देशन दिनुभयो ।

अध्यक्षज्यूको अनुमतिले नायव प्रमुख कार्यकारी अधिकृत श्री फणिन्द्र पाण्डेले शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा, राय सुझावहरुको समष्टिगत रुपमा प्रष्ट पार्दै शेयरधनीहरुबाट आएका गहन सुझावहरुलाई आगामी दिनमा मनन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै साधारण सभा सम्बन्धी विधि र प्रक्रियाको विषयमा समेत प्रष्ट पार्नु भयो ।

१२. **सभाबाट भएका निर्णयहरु :**

(क) साधारण प्रस्ताव :

**१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

निर्धारित बिषयसूची साधारण प्रस्ताव नं.१ सञ्चालक समितिको तर्फवाट अध्यक्षज्युद्धारा आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिबेदन माथि छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**२) आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं.२ आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**३) कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व.२०७९/०८० को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

निर्धारित विषयसूचि साधारण प्रस्ताव नं. ३ कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व.२०७९/०८० को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने रहेकोमा सभाको जानकारकिो लागी लेखापरीक्षण समितिको सिफारिस वमोजिम यस वित्तीय संस्थाको आ.व. २०७९।०८० को वाह्य लेखापरीक्षण कार्य गर्न **श्री टि.कार्की.एण्ड एसोसिएटस,चार्टर्ड एकाउन्टेन्ट्सलाई** लेखापरीक्षण कार्य सम्पन्न गरी वित्तीय विवरण तयार, कर लेखा परीक्षण र नेपाल राष्ट्र वैकको निर्देशन अनुसार NFRS प्रतिवेदन समेत तयार पार्ने गरी लेखापरीक्षण शुल्क तथा अन्य खर्च वापत प्रचलित कर (भ्याट) वाहेक रु.४,००,०००।- (अक्षेरुपी चार लाख मात्र ) प्रदान गर्ने गरी वाह्य लेखापरीक्षक नियुक्त गर्न सिफारिस सहित आसन्न साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम उक्त सिफारिस यस सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८।०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३१,२८,७५,४११।३५ (अक्षरेपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतीस पैसा मात्र) को १ प्रतिशतले हुन आउने रु.३१,२८,७५४।११ (अक्षरेपी एकतीस लाख अठ्ठाइस हजार सात सय चवन्न रुपैया एघार पैसा मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित बिषय सूची साधारण प्रस्ताव नं.४ सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८।०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३१,२८,७५,४११।३५ (अक्षरेपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतीस पैसा मात्र) को १ प्रतिशतले हुन आउने रु.३१,२८,७५४।११ (अक्षरेपी एकतीस लाख अठ्ठाइस हजार सात सय चवन्न रुपैया एघार पैसा मात्र) नगद लाभांश

(वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**५) संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने ।**

निर्धारित बिषयसूची साधारण प्रस्ताव नं.५ संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने सम्वन्धमा निर्वाचनको कार्यक्रम अनुसार हुने भएकाले सोही बमोजिमा हुने व्यहोरा सभाका अध्यक्षज्युवाट सभामा जानकारी गराई अन्य प्रस्तावका विषयमा छलफल अगाडी वढाउन जानकारी गराउनु भयो ।

(ख) विशेष प्रस्ताव :

**१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८।०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३१,२८,७५,४११।३५ (अक्षरेपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतीस पैसा मात्र) को १९ प्रतिशतले हुन आउने रु.५,९४,४६,३२८।१६( पाँच करोड चौरानव्वे लाख छ्यालीस हजार तीन सय अठ्ठाइस रुपैया सोह्र पैसा मात्र) बराबरको ५९४४६३।२८ कित्ता वोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं १ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८।०७९ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.३१,२८,७५,४११।३५ (अक्षरेपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतीस पैसा मात्र) को १९ प्रतिशतले हुन आउने रु.५,९४,४६,३२८।१६( पाँच करोड चौरानव्वे लाख छ्यालीस हजार तीन सय अठ्ठाइस रुपैया सोह्र पैसा मात्र) बराबरको ५९४४६३।२८ कित्ता वोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं २ वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**३) वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं ३ वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**४) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा**

**प्राप्तिसँग सम्बन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं ४ यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने /गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियार प्रदान गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**५) प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं ५ प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**प्रबन्धपत्रमा संशोधन सम्बन्धमा विशेष प्रस्तावसंग सम्बन्धित तीन महले विवरण :**

| दफा | प्रवन्धपत्रको हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६(ख) | वित्तीय संस्थाको जारी पूँजी रु.३१,२८,७५,४११।३५ (अक्षेरुपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतिस पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३१,२८,७५ ४।११ ( एकतीस लाख अठ्ठाइस हजार सात सय चौवन्न दशमलव एक एक ) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैंतीस करोड तेईस लाख एक्काईस हजार सात सय उनन्चालीस रुपैया एकाउन्न पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३७,२३,२१७।३९ (सैंतिस लाख तेइस हजार दुई सय सत्र दशमलव तीन नौ) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि हुने भएकाले । |
| ६(ग) | वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३१,२८,७५,४११।३५ (अक्षेरुपी एकतीस करोड अठ्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतिस पैसा मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.३७,२३,२१,७३९।५१ (अक्षरेपी सैंतीस करोड तेईस लाख एक्काईस हजार सात सय उनन्चालीस रुपैया एकाउन्न पैसा मात्र ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३७,२३,२१७।३९ (सैंतीस लाख तेइस हजार दुई सय सत्र दशमलव तीन नौ) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि हुने भएकाले । |

| | | | |
|---|---|---|---|
| ६(ङ) | संस्थापक शेयरधनीहरुलाई समूह (क) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६४.५२ प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुलाई समूह (क) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत हुनेछ । | संस्थापक तथा सर्वसाधरण शेयरधनी समुहमा शेयर स्वामित्व परिर्वतन हुने भएकोले । |
| ६(च) | सर्वसाधारण शेयरधनीहरुलाई समूह (ख) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ३५.४८ प्रतिशत हुनेछ । | सर्वसाधारण शेयरधनीहरुलाई समूह (ख) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत हुनेछ । | संस्थापक तथा सर्वसाधरण शेयरधनी समुहमा शेयर स्वामित्व परिर्वतन हुने भएकोले । |

**१३. बिविध प्रस्ताव अन्तरगत कुनै पनि प्रस्तावहरु दर्ता नभएकाले कुनै निर्णय भएन ।**

**१४. संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने १ (एक) जना सन्चालकको निर्वाचन गर्ने कार्यक्रम र पारित ।**

यस वित्तीय संस्थाको मिति २०७९।१२।०५ गते बसेको सन्चालक समितिको वैठक नं २२३ बाट संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने १ (एक) जना सन्चालकको निर्वाचन गर्न नियुक्त निर्वाचन अधिकृत श्री गिरधारी सुवेदीले यस वित्तीय संस्थाको सन्चालक निर्वाचन निर्देशिका २०७० को नियम ९ वमोजिम निर्वाचन कार्यविधी सम्वन्धी सूचना मिति २०७९।१२।२२ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा जानकारी गराई यस वित्तीय संस्थाको वेभसाईटमा प्रकाशन गरी सूचनापाटीमा टाँस गरी सोही बमोजिम निर्वाचनका सम्पूर्ण चरण पुरा गरी स्याङजा जिल्ला वालिङ नगरपालिका वडा नं. ६ बस्ने भुवानी शंकर तिवारीको छोरा यस वित्तीय संस्थाका संस्थापक शेयरधनी श्री नित्यानन्द तिवारी यस संस्थाको सन्चालक पदमा १५औं वार्षिक साधारण सभासम्मका लागि संस्थापक शेयर धनीको प्रतिनिधित्व गर्ने गरी यस वित्तीय संस्थाको सन्चालक निर्वाचन निर्देशिका २०७० को दफा १६ बमोजिम निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो । साथै निर्विरोध रुपमा सन्चालक पदमा १५औं वार्षिक साधारण सभासम्मका लागि निर्वाचित श्री नित्यानन्द तिवारीलाई सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट पारित भएको घोषणा गर्नुभयो ।

**१५. धन्यबाद ज्ञापन :**

संस्थाको तेह्रौ वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझाबहरु कम्पनीको हितका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सन्चालक समिति तथा ब्यबस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी सचिवज्यू लगायत ब्यवस्थापन एबं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका अध्यक्षज्यूबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१६. सभा बिसर्जन :**

अन्त्यमा, सभाका अध्यक्ष तथा वित्तीय संस्थाका अध्यक्ष श्री चन्द्र वहादुर क्षेत्रीज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले वित्तीय संस्थाको तेह्रौ वार्षिक साधारणसभा अपरान्ह १:४५ बजे बिसर्जन गर्नुभयो ।

............................
**( फणिन्द्र पाण्डे )**
**कम्पनी सचिव**

KLBSI 2066 NEPAL

....................
**( चन्द्र वहादुर क्षेत्री )**
**सभाका अध्यक्ष**